फोन नं. : ०३१-५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०८

यस नगरपालिकालाई आ.ब. २०८१/८२ मा आवश्यक पर्ने तपसिलका सामान तथा सेवाहरु उपलब्ध गराउने प्रयोजनका लागि सामान तथा सेवा प्रदायकहरुको सूची सूचिकृत गरिने भएको हुदाँ मौजुदा सूचीमा दर्ता हुन ईच्छुक इजाजत पत्र प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले निम्न लिखित कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र  आफूले गर्न चाहेको कार्यका लागि छुट्टाछुट्टै आवेदन भरी दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आपूर्ति/उपलब्ध गराउनुपर्ने सामान तथा सेवाहरुः

| सि.न. | विवरण |
|---|---|
| १. | सरसफाई सम्बन्धी सामग्रीहरु |
| २. | फर्निचर (काठ र स्टिल) खरिद तथा मर्मत सम्बन्धी |
| ३. | स्टेशनरी सामग्रीहरु (मसलन्द तथा विविध) |
| ४. | छपाई सम्बन्धी |
| ५. | पिउने पानी आपूर्ति सम्बन्धी |
| ६. | कम्प्यूटर/ल्यापटप,फोटोकपी मेसिन,प्रिन्टर्स,स्पेयर्स पार्टस,प्रिन्टर कार्टेज,टोनर, Air Conditioner खरिद र सो सम्बन्धी मर्मतका लागि आवश्यक पर्ने पार्टपूर्जा, लिफट मर्मत र मर्मतका लागि आवश्यक पर्ने पार्टपूर्जाहरु |
| ७. | घर जग्गाको मूल्याङ्कन गर्ने ईन्जिनियरिङ्ग कन्सल्टेन्ट |
| ८. | बिमा सेवा |
| ९. | परामर्श सेवा (वित्तीय, कानून, अन्य सेवा) |
| १०. | आन्तरिक लेखा परीक्षण सेवा |
| ११. | सफ्टवेयर परामर्श सेवा |
| १२. | प्लम्बिङ्ग र प्लम्विङ्ग सम्बन्धी सरसामानहरु |
| १३. | ईलेक्ट्रोनिक सरसामान खरिद तथा मर्मत सम्बन्धी |
| १४. | सवारी साधन खरिद तथा मर्मत सम्बन्धी |
| १५. | माथि उल्लेखित भएका बाहेक अन्य विविध सामानहरुको खरिद सम्बन्धी |

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

# खडक नगरपालिका

फोन नं. : ०३१-५४००५४

# नगर कार्यपालिकाको कार्यालय

## कल्याणपुर,सप्तरी

मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०८१/०८२

---

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१. फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, VAT/PAN मा दर्ता भएको प्रमाणपत्र, आ.ब. २०७९/८० को कर चुक्ताको प्रमाणपत्र, सूची दर्ताको निवेदन र आधिकारिक डिलर एवं वितरक भए सो पुष्टि गर्ने प्रमाणपत्रको प्रतिलिपिमा कम्पनीको छाप लगाई आधिकारिक व्यक्तिले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

२. सूचिकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएका योग्य फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ त्यसरी सूचिकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, विगतको अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ ।

३. सूचिकृत भएका फर्म/कम्पनीहरुले प्रदान गरेको सेवा, गुणस्तर, मूल्य, आपूर्ति गरेको समय सन्तोषजनक नभएको खण्डमा सूचिबाट बिना सूचना नाम हटाउन सकिनेछ र सो उपर कुनै दावी विरोध गर्न पाइने छैन ।

माथि उल्लिखित सामान तथा सेवाहरुका लागि प्राप्त आवेदन आंशिक वा पूरा स्वीकृत गर्ने र नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ । सूची दर्ताका लागि आवेदन पेस गरेका सम्पूर्ण फर्म तथा कम्पनीहरुलाई सूचिकृत गर्न नगरपालिका बाध्य हुनेछैन ।

दिपेश कुमार झा
प्रमुख प्रशासकीय अधिकृत

---


Email ID : khadakmunicipality@gmail.com, ito.khadakmun@gmail.com
WebSite : khadakmun.gov.np